
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री प्रियंका कार्कीको अभिनय तथा निर्माण रहेको फिल्म "मास्टर्नी"का दुई नयाँ पोस्टर सार्वजनिक गरिएको छ। आगामी भदौ ५ गतेदेखि प्रदर्शन तयारीमा रहेको फिल्मको निर्माण पक्षले बिहीबार दुई पोस्टर दर्शकमाझ ल्याएको हो। यसअघि सार्वजनिक गरिएको पोस्टरले दर्शकमाझ राम्रो प्रतिक्रिया पाएपछि थप दुई नयाँ पोस्टर ल्याइएको निर्माण टिमले जनाएको छ। सार्वजनिक पोस्टरहरूले फिल्मको कथावस्तु र विधाबारे थप संकेत दिएका छन्।

**आजको विचार...**



अबको...
(दुई पेजमा)

पदम न्यौपाने



अभिनेता नाजिर हुसेनले आफ्नो नामकै कारण दोस्रो पटक भारतीय विमानस्थलमा अनावश्यक सोधपुछमा परेको गुनासो गरेका छन्। उनले बिहीबार फेसबुकमा एक पोस्ट लेख्दै भारतमा आफू अभिनीत फिल्म "गुन्यो चोलो"को विशेष प्रदर्शनीमा सहभागी भएर नेपाल फर्किने क्रममा विमानस्थलका सुरक्षाकर्मीले आफूलाई छुट्टै कक्षमा लगेर सोधपुछ गरेको बताएका हुन्। आफूसँगै नेपाल फर्किएका "गुन्यो चोलो"का निर्देशकसँग कुनै सोधपुछ गरिएको थिएन।

❒ वर्ष ३२ ❒ अंक ९ ❒ २०८३ साउन ९ गते शनिबार 25 July 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### फ्रान्समा डढेलोले ४० हजार विस्थापित

(रासस/एएफपी)

**पेरिस,** साउन ८ / दक्षिणपश्चिम फ्रान्समा फैलिएको भीषण डढेलोका कारण करिब ४० हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । लोकप्रिय पर्यटकीय क्षेत्र क्याप-फेरेट प्रायद्वीपसम्म फैलिएको आगलागीले १० हजार हेक्टरभन्दा बढी वन क्षेत्र नष्ट गरेको छ भने दर्जनौं घर पूर्ण रूपमा ध्वस्त भएका छन् । अधिकारीहरूका अनुसार बोर्डोबाट पश्चिमतर्फ रहेको सौमोस गाउँमा बुधबार सुरु भएको आगो तीव्र गतिमा फैलिँदै क्याप-फेरेट प्रायद्वीप पुगेको हो । पाइन वन, बालुवाका टाकुरा र ओइस्टर उत्पादनका लागि परिचित यो क्षेत्र फ्रान्सका चर्चित व्यक्तिहरूको रोजाइको पर्यटकीय गन्तव्य मानिन्छ । फ्रान्सका गृहमन्त्री ब्रुनो रेटायोले करिब ४० हजार मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको बताए । उनले यसलाई चालु मौसमकै सबैभन्दा ठूलो डढेलो भएको उल्लेख गर्दै हालसम्म मानवीय क्षतिको कुनै विवरण प्राप्त नभएको जानकारी दिए। उनका अनुसार आगलागीबाट ८० वटा घर जलेका छन् तीमध्ये करिब ५० वटा पूर्ण रूपमा नष्ट भएका छन् । आगो अझै नियन्त्रणमा आउन नसकेको र त्यसलाई नियन्त्रणमा लिन एक हजारभन्दा बढी अग्निनियन्त्रक परिचालन गरिएको उनले बताए ।

# उच्च शिक्षाले नैतिक नेतृत्व र जिम्मेवार नागरिक निर्माण गर्नेमा जोड

हाम्रा संवाददाता

**तानसेन,** साउन ८/ उच्च शिक्षा केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम मात्र नभई नैतिक, इमानदार, निष्ठावान, सिर्जनशील र जिम्मेवार नागरिक निर्माण गर्ने आधार भएको जिल्लामा आयोजित एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । तानसेनमा रहेको पाल्पा बहुमुखी क्याम्पसले आयोजना गरेको कक्षा १२ उत्तीर्ण विद्यार्थीहरूको सम्मान तथा बधाइ कार्यक्रममा सहभागी वक्ताहरूले यस्तो बताएका हुन् ।

उनीहरुले गुणस्तरीय उच्च शिक्षा नै सक्षम, इमानदार, निष्ठावान र जिम्मेवार नागरिक निर्माणको आधार भएकोमा जोड दिए । देशलाई सक्षम नेतृत्वकर्ता, अनुसन्धानकर्ता, चिन्तक र दक्ष जनशक्ति आवश्यक रहेको उल्लेख गर्दै उनीहरूले युवाले विषय छनोटदेखि जीवनको लक्ष्य निर्धारणसम्म




विवेकपूर्ण निर्णय लिनुपर्नेमा बताए । विद्यालय तह पार गरेका युवाहरूको भविष्य केवल विषय छनोटमा मात्र सीमित नहुने भन्दै, सहभागीहरुले व्यक्तित्व, नेतृत्व क्षमता, नैतिकता र सामाजिक उत्तरदायित्वको विकासमा उच्च शिक्षाले महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे । उनीहरूले राष्ट्रलाई आवश्यक नेतृत्वकर्ता, अनुसन्धानकर्ता, चिन्तक र दक्ष जनशक्ति उत्पादन गर्न विश्वविद्यालय तहको शिक्षालाई व्यवहारिक, सीपमुखी र मूल्यमा आधारित बनाउनुपर्नेमा समेत जोड दिए । कार्यक्रममा उत्प्रेरक तथा अनुसन्धान व्यवस्थापन समितिका संयोजक गोपालप्रसाद वश्यालले 'भविष्यको मार्गचित्र' विषयमा कार्यपत्र प्रस्तुत गर्दै विषय छनोट गर्दा अरूको प्रभावभन्दा आफ्नै रुचि, क्षमता, शैक्षिक उपलब्धि र भविष्यका अवसरलाई आधार बनाउनुपर्ने सुझाव दिए । उच्च शिक्षा केवल प्रमाणपत्र हासिल गर्ने माध्यम नभई जीवन निर्माणको आधार भएकाले विद्यार्थीले सोचविचार गरेर निर्णय लिनुपर्ने उनको भनाइ थियो । बीबीएस अध्ययन गर्न चाहने विद्यार्थीमा सञ्चार तथा नेतृत्व क्षमता, मध्यस्थता गर्ने सीप, डेटा विश्लेषण, लेखा प्रणालीसम्बन्धी ज्ञान तथा डिजिटल साक्षरता अपरिहार्य बन्दै गएको उल्लेख गर्दै वश्यालले बदलिँदो श्रमबजारले व्यवहारिक दक्षतालाई प्राथमिकता दिन थालेको बताए । उनले प्रत्येक विषयको आ-आफ्नै महत्व रहेको उदाहरण प्रस्तुत गर्दै भने, "एउटा डाक्टरले एक जना बिरामीको उपचार गर्छ, एउटा इन्जिनियरले एउटा पुल निर्माण गर्छ, तर एउटा शिक्षकले सयौं विद्यार्थीको सोच, चरित्र र भविष्य निर्माण गर्छ ।" समाज रूपान्तरणमा शिक्षकको भूमिका अत्यन्त महत्वपूर्ण हुने उनले धारणा व्यक्त गरे । अर्का उत्प्रेरक वक्ता विनोद भारतीले 'सपनादेखि सफलतासम्म' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्दै ठूलो सपना देख्न र त्यसलाई पूरा गर्न निरन्तर मेहनत गर्न विद्यार्थीलाई प्रेरित गरे । सफलताको यात्रा एकैपटक सम्भव नहुने उल्लेख गर्दै उनले साना-साना प्रयास, सीप विकास, अनुशासन र निरन्तरताबाट नै ठूलो उपलब्धि हासिल गर्न सकिने बताए ।

-बाँकी अन्तिम पेजमा...

# कालीगण्डकी नदीमा अज्ञात पुरुषको शव फेला



**पाल्पा,** साउन ८/ जिल्लाको बगनासकाली गाउँपालिका-६ बेल्टारीस्थित कालीगण्डकी नदी किनारमा अज्ञात पुरुषको शव फेला परेको छ । शुक्रबार बिहान अन्दाजी ५०-५५ वर्ष उमेरका जस्तो देखिने एक पुरुषको शव फेला परेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ ।

शव फेला परेको भन्ने सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थलमा पुगेको थियो । प्रहरीका अनुसार मृतकको शरीरमा कुनै कपडा थिएन भने बायाँ हातमा घडी लगाएको अवस्थामा शव फुलिएको अवस्थामा भेटिएको थियो । आवश्यक मुचुल्का प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल पाल्पामा ल्याई राखिएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# आज हरिशयनी एकादशी : घर घरमा तुलसी रोपिदैँ

**पाल्पा,** साउन ८/ आज हरिशयनी एकादशी देशभर श्रद्धा र भक्तिपूर्वक मनाइँदै छ । हरेक वर्ष आषाढ शुक्ल एकादशीका दिन हिन्दू धर्मावलम्बीहरूले भगवान् विष्णुको पूजा-आराधना गर्नुका साथै घर-घरमा तुलसीको बिरुवा रोपेर धार्मिक परम्परालाई निरन्तरता दिने गर्दछन् ।

धार्मिक मान्यताअनुसार आजको दिनदेखि भगवान् विष्णु चार महिनाका लागि योगनिद्रामा प्रवेश गर्ने विश्वास रहेको छ । हरिशयनी एकादशीका अवसरमा तुलसी रोप्दा घरमा सुख, शान्ति, समृद्धि र सकारात्मक ऊर्जा बढ्ने जनविश्वास रहेको छ । जेठ शुक्ल एकादशीका दिन राखिएको दलबाट तयार भएको तुलसीको विरुवा आज सार्ने प्रचलन छ । आषाढ शुक्ल एकादशीका दिन रोपिएको तुलसी भगवान् विष्णु र विष्णुप्रियाका



नामले चार महिनासम्म पूजा गर्ने परम्परा छ । प्रत्येक हिन्दू समुदायका घर आँगन तथा मठमा रोपिने तुलसीको बिरुवालाई आगामी चार महिनासम्म नित्यपूजा गरी हरिबोधनी एकादशीका दिन साङ्गे गर्ने शास्त्रीय परम्परा रहेको छ । एकादशीका दिन विशेष गरी चामलबाट बनेका परिकार नखाने रोटी, ढिँडो लगायत फलाहार गर्ने गरिन्छ । हरिबोधनी एकादशीका दिन भगवान् विष्णु जाग्नु हुने शास्त्रीय मान्यता छ ।

-बाँकी अनितम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## तुलसी रोप्ने परम्परा र यसको महत्व

**तुलसी प्राकृतिक, पवित्र तथा बास्नादार वनस्पति हो । यसले सबैभन्दा बढी अक्सिजन फ्याँक्ने गर्दछ । हिन्दु धर्मावलम्बीहरूको घरको आँगनमा सानो मन्दिर (मठ) बनाई तुलसी रोप्ने गरिन्छ ।**

**तुलसीमा एन्टी अक्सिडेन्ट भएकाले घरआँगनमा रोपेको तुलसीले घरवरिपरि वातावरण स्वच्छ रहने र हावामा भएका आँखाले देख्न नसकिने कीटाणुसमेत नष्ट गर्न मद्दत गर्दछ । तुलसीलाई हिन्दू परम्परामा विष्णु भगवानको प्रतिक मानिन्छ । घरमा तुलसीको मठ राखे सुख–समृद्धि हुने धार्मिक मान्यता त छँदैछ, यसको लाभ वैज्ञानिक रूपमा समेत प्रमाणित छ । रुघाखोकी, ज्वरो जस्ता थुप्रै बिरामीहरूको उपचारमा तुलसी, घरेलु औषधिका उपयोगमा ल्याउने गरिन्छ । तुलसी घरमा रोप्नाले घर वरपर नकारात्मक उर्जाहरू नास हुने मान्यता पनि छ । हिन्दूहरूका लागि तुलसीको निक्कै महत्व रहने गरेको छ । त्यसैले प्रत्येक वर्ष आषाढ शुक्ल एकादशीका दिन घर–घरमा तुलसीको बिरुवा सारी पूजा आराधना गर्ने गरिन्छ । एक महिनाअघि ज्येष्ठ शुक्ल एकादशीका दिनमा घर घरको तुलसी मोठमा राखिएको दलको बिरुवा आज मोठमा सारिन्छ । आधुनिक जीवनशैलीका कारण यस्ता परम्परागत अभ्यासहरू क्रमशः हराउँदै गएका बेला तुलसी रोप्ने परम्पराको महत्वलाई पुनः सम्झनु आवश्यक छ । धार्मिक विश्वासअनुसार तुलसीलाई भगवान विष्णुको प्रिय मानिन्छ । बिहान–बेलुका तुलसीमा जल चढाउने, दीप बाल्ने तथा पूजा गर्ने चलनले परिवारमा आध्यात्मिक वातावरण सिर्जना गर्छ । तुलसी विवाहजस्ता सांस्कृतिक परम्पराले पनि हाम्रो मौलिक संस्कृतिलाई जीवन्त बनाइरहेका छन् । यस्ता परम्पराले नयाँ पुस्तालाई आफ्नो धर्म, संस्कृति र पहिचानसँग जोड्ने महत्वपूर्ण भूमिका खेल्छन् । तुलसीको महत्व धार्मिक पक्षमा मात्र सीमित छैन । आयुर्वेदमा तुलसीलाई बहुउपयोगी औषधीय वनस्पतिको रूपमा वर्णन गरिएको छ । यसको पात र डाँठ विभिन्न स्वास्थ्य समस्यामा उपयोग गरिन्छ । साथै, तुलसीले वातावरणलाई स्वच्छ राख्न, हरियाली बढाउन र जैविक विविधताको संरक्षणमा समेत योगदान पुऱ्याउँछ । घर–आँगनमा तुलसी रोप्दा प्राकृतिक सौन्दर्य बढ्नुका साथै स्वच्छ र स्वस्थ वातावरण निर्माणमा पनि सहयोग पुग्छ । तर पछिल्ला वर्षहरूमा बढ्दो सहरीकरण, खुला आँगनको अभाव र आधुनिक जीवनशैलीका कारण तुलसी रोप्ने तथा यसको संरक्षण गर्ने परम्परा कमजोर बन्दै गएको छ । कतिपय युवापुस्ताले यसको सांस्कृतिक र वैज्ञानिक महत्वबारे पर्याप्त जानकारी पनि पाएका छैनन् । यदि अहिले नै यस्ता परम्पराको संरक्षणमा ध्यान नदिने हो भने हाम्रो मौलिक सांस्कृतिक सम्पदा क्रमशः लोप हुने खतरा रहन्छ । त्यसैले तुलसी रोप्ने परम्परालाई केवल धार्मिक संस्कारका रूपमा होइन, वातावरण संरक्षण, स्वास्थ्य प्रवर्द्धन र सांस्कृतिक पहिचान जोगाउने अभियानका रूपमा पनि अघि बढाउन आवश्यक छ ।**

### Opinion @ Social Network

आखिर जसले जस्तो व्यवहार गर्छ,
उसले उस्तै फल पक्कै पाउँछ ।
*(नमुना चिदीको फेसबुक स्टाटसबाट www.facebook.com/Namuna.Chidi)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अबको राजनीति र राजनीतिक उपभोक्तावादको प्रभाव



## पदम न्यौपाने

सामान्य बुझाइमा किनमेल भन्नाले उपभोक्ताले बजारमा आफ्ना आवश्यकता खरिद गर्ने प्रवृतिलाई बुझिन्छ तर अब यो प्रवृति राजनीतिमा पनि देखापर्दैछ । बजारमा नागरिकको किनमेल प्रक्रियामा पनि राजनीतिक अभिव्यक्ति बन्न थालेको छ । एउटा उपभोक्ता भन्छ “म यो उत्पादन किन्ने छैन, किन कि यस बस्तुको उत्पादन गर्ने कम्पनीको व्यवहार मेरो मूल्यसँग मेल खाँदैन ।” वा “म यो उत्पादन किन्छु, किनकि यो कम्पनीले स्थानीय उत्पादन, वातावरण संरक्षण वा श्रमिक अधिकारलाई प्राथमिकता दिन्छ”। यो छनौट प्रवृति र यसरी गरिने निर्णय राजनीतिक उपभोक्तावादको रूप हो । यसको मूल अर्थ हो, उपभोक्ताले कुनै वस्तु वा सेवाको मूल्य, गुणस्तर र उपयोगितामात्र हेरेर निर्णय नगरी त्यसको पछाडी रहेको राजनीतिक, सामाजिक, नैतिक वा वातावरणीय मूल्यलाई समेत ध्यानमा राखेर खरिद वा बहिष्कार गर्नु हो । यो प्रवृति क्रमशः बढ्दो छ, यसलाई राजनीतिले जतिसक्दो चाडो सम्वोधन गर्नु पर्ने छ । राजनीति शास्त्रका प्राध्यापक प्रोफेशर कृष्ण खनालले त यसलाई टड्कारो आवश्यकताको रुपमा लिनु हुन्छ । नेपालमा युवा पुस्ताहरुमा प्रखर र व्यापकरुपमा प्रष्ट देखिएको र सचेत नागरिकहरुमा अप्रकट तर मनोभावले निर्देशित हुँदै गएको यो प्रवृति युरोप अमेरिकाका अधिकाशं देशका नागरिकहरुमा देखिन्छ । यसै पृष्ठभूमिमा केही राजनीतिक उपभोक्तावाद सम्बन्धी विद्वानका अध्ययनहरूले यसलाई मुख्यत: बहिष्कार गर्ने, समर्थनका लागि खरिद गर्ने, जीवनशैलीमार्फत आफ्नो मूल्य वा मान्यता अभिव्यक्ति मार्फत प्रकट गर्ने र सार्वजनिक अपिल मार्फत तथा अभियान सञ्चालन गर्ने जस्ता रूपहरूमा व्याख्या गरेका छन् । यसले बजारलाई केवल आर्थिक कारोबारको स्थान नभई राजनीतिक प्रभाव र नागरिक सहभागिताको एउटा क्षेत्रका रूपमा स्थापित गर्छ । यसलाई नेपालमा गत वर्षको भाद्र २३ गतेको युवापुस्ताको स्वस्फूर्त आम अभिव्यक्तिलाई पनि लिन सकिन्छ । सामान्यत: राजनीतिक प्रणालीमा लोकतन्त्रलाई प्राय: निर्वाचन, मतदान, राजनीतिक दल, संसद् र सरकारको आँखाबाट मात्र हामी हेर्ने गर्छौं । नागरिकको राजनीतिक सहभागिता भन्नासाथ हाम्रो मनमा निर्वाचनमा मतपत्र आउँछ । तर बदलिँदो विश्वमा राजनीतिले मतदान केन्द्रको सीमाभन्दा बाहिर पनि नयाँ रूप लिइरहेको छ । नागरिकले आफ्नो राजनीतिक, सामाजिक, नैतिक र वातावरणीय धारणा केवल भाषण, आन्दोलन वा मतदानबाट होइन, उसले के किन्छ, के किन्दैन र कुन व्यवसायलाई समर्थन गर्छ भन्ने निर्णयबाट पनि व्यक्त गर्न थालेको छ । यही प्रवृत्ति राजीतिमा दलिय छनौटमा पनि लिन थालिएको छ । यसलाई राजनीति शास्त्रमा एय (Political Consumerism) वा राजनीतिक उपभोक्तावाद भनिन्छ । यो नै अब राजनीतिक दलहरुका लागि चुनौती बनेर आएको छ । यस अवधारणाको सबैभन्दा सरल उदाहरण हो, यो दल मेरो चाहाना पुरा गर्ने खालको होइन, यसर्थ म यसलाई अंगाल्न सक्दिन, फलानो अमूक दल मेरो विचारसँग मेल खान्छ यसर्थ म यस प्रति आशावादी छु, यसकारण म यसलाई स्विकार गर्दछु । वा यहाँ भएका कुनै पनि दल प्रति मेरो विश्वास छैन वा मेरा अपेक्षा पुरा गर्न सक्दैनन् यस कारण म कसैलाई पनि स्विकार गर्न सक्दिन । यो मनोविज्ञान बजारमा मालसामान खरिद गर्दा गरिने व्यवहार हुन् । अहिलेको युवापुस्ता राजनीतिलाई पनि यसैगरी हेर्ने गर्दछ । युवापुस्ताले भन्छ म जसरी बजारबाट मनपर्ने सामान किनेर ल्याउछु , त्यो सो ब्राण्डको लागि मेरो मत वा स्विकार हो । हुनत यो त्यसैगरी कुनै पनि दललाई मत दिनु पनि यही प्रक्रियाको छनौट हो । हुनत यो मत निर्वाचनमा प्रयोग हुने मतपत्र होइनह यो बजारमा प्रयोग हुने आर्थिक छनोट हो । तर राजनीतिमा यो छनौट उद्देश्य केही व्यापक र सार्वजनिक भए पनि लक्ष्य सन्तुष्टि नै हो । यसलाई एउटा चर्चित वाक्यमा यसरी बुझ्न सकिन्छ,“एगचअजबकभ ष्क थयगच खयतभ” अर्थात्, तपाईंको खरिद पनि एउटा मत हो ।

### बजारमा राजनीतिक उपभोक्ताको प्रवृति :

राजनीतिक उपभोक्तावादको एउटा महत्वपूर्ण पक्ष Boycott वा असहमति हो । कुनै पनि कम्पनी वा संस्थाको व्यवहारप्रति असहमति जनाउँदै त्यसका उत्पादन वा सेवा नकिन्नु यसको उदाहरण हो । यसबाट सो कम्पनीको आर्थिक क्षति पुऱ्याउने मात्र होइन, कम्पनीलाई आफ्नो नीति वा व्यवहार परिवर्तन गर्न दवाब दिने उद्देश्य पनि हो । यसैगरी अर्कोतर्फ Buycott वा समर्थन या रोज्ने प्रवृति देखिन्छ । कुनै कम्पनी वा उत्पादनलाई उसको सकारात्मक सामाजिक वा राजनीतिक भूमिकाका कारण रोज्ने गरिन्छ । अर्थात्, राजनीतिक उपभोक्तावाद केवल “विरोध” मात्र होइन, “समर्थन” पनि हो । विभिन्न चरणका अध्ययनहरूले boycott र buycott लाई राजनीतिक उपभोक्तावादका दुई फरक तर परस्पर सम्बन्धित रूपका रूपमा लिने गरेका छन् । एउटा दण्डात्मक छनोट हो भने अर्को प्रोत्साहनात्मक छनोट हो । यसबाट के कुरा स्पष्ट हुन्छ भने, बजारमा उपभोक्ता निष्क्रिय ,कमजोर वा निरिह व्यक्ति होइन । ऊ आर्थिक प्रणालीको अन्तिम कडी मात्र नभई कम्पनी, उत्पादन र बजारको व्यवहारलाई प्रभावित गर्न सक्ने शसक्त र प्रभावकारी शक्ति पनि हो । यसबारे एक पटक राजनीतिमा पनि यसै गरी हेरौं त ।

### बजार र राजनीति

परम्परागत राजनीतिले बजार र बजार प्रभावलाई पृथक राख्दै राज्य, सरकार र राजनीतिक दललाई मात्र केन्द्रमा राख्थ्यो । तर आजको बैश्विक विश्वमा राष्ट्रिय एवं बहुराष्ट्रिय कम्पनीहरूको देखिन थालेको छ । कतिपय राष्ट्रमा यस्ता कम्पनीहरुको आर्थिक शक्ति ति देशको अर्थतन्त्र भन्दा पनि ठूलो छ । नागरिकको दैनिक जीवनमा सरकार जत्तिकै प्रभाव कम्पनी र ब्रान्डहरूको पनि हुने गरेको देखिन्छ । यस्तो अवस्थामा नागरिकले कम्पनीलाई उत्तरदायी बनाउन प्रयोग गर्ने एउटा माध्यम राजनीतिक उपभोक्तावाद बनेको छ । यही प्रवृतिलाई राजनीतिक उपभोक्तावाद भनिन्छ । केही समय यता राजनीतिक उपभोक्तावादले नागरिक र उपभोक्ताबीचको सीमा तथा राजनीति र अर्थतन्त्रबीचको परम्परागत विभाजन र परिभाषालाई चुनौती दिएको छ । अर्थतन्त्रका अध्येता तथा विज्ञहरूले बजारलाई पनि राजनीतिक अभिव्यक्ति र नागरिक सहभागिताको एउटा सम्भावित क्षेत्रका रूपमा व्याख्या गरेका छन् । अर्थतन्त्र र बजारको सम्बन्धका सन्दर्भमा कुनै उपभोक्ताले स्थानीय किसानको उत्पादन रोज्नु केवल व्यक्तिगत खानाको छनोट मात्र नभई त्यो अर्थतन्त्रको समर्थन पनि मानिन्छ । स्वदेशी उत्पादनलाई प्राथमिकता दिनु केवल व्यापारिक निर्णय हो भनेर मान्न सकिदैन । त्यो राष्ट्रिय उत्पादन र रोजगारीप्रतिको प्रतिबद्धताको संकेत पनि हुन सक्छ । वातावरणमैत्री उत्पादन रोज्नु केवल व्यक्तिगत रोजाइ र सुविधा होइनह त्यो जलवायु र दिगोपनाप्रतिको चेतना पनि हो । यस अर्थमा उपभोक्ताको झोलाभित्र रहेको सामानले पनि उसको मूल्य र प्राथमिकताको कथा बोल्न सक्छ । यही यथार्थ नागरिकको दल छनोट र मत जाहेर गर्ने प्रवृति राजनीतिमा पनि देखिन थालेको छ ।

### डिजिटल युगले बढाएको शक्ति

अहिलेको यो बैश्विक युगमा राजनीतिक उपभोक्तावादको प्रभाव सामाजिक सञ्जालको विस्तारसँगै झनै तीव्र बन्दै गएको छ । विगतमा कुनै उत्पादन बहिष्कार गर्न स्थानीय समुदाय वा संस्थागत अभियान आवश्यक पर्थ्यो । तर आज एउटा भिडियो, पोस्ट वा ह्यासट्यागले केही घण्टामै हजारौं मानिसलाई एउटै अभियानमा जोड्न सक्छ । यो अवसरले उपभोक्ताको व्यक्तिगत निर्णयलाई अब सामूहिक दवाबमा बदल्ने क्षमता बढाएको छ । कुनै कम्पनीको गलत व्यवहार सार्वजनिक भयो भने त्यसको समाचार तुरुन्तै फैलिन सक्छ, उपभोक्ता तत्काल प्रतिक्रिया दिन सक्छन् र सम्वद्ध कम्पनीले आृनो नीति पुनर्विचार गर्नुपर्ने अवस्था आउन सक्छ । अन्यलाई यसले सचेत बनाएको हुन्छ । तर यहाँ एउटा गम्भीर जोखिम पनि छ । सामाजिक सञ्जालमा फैलिएको प्रत्येक सूचना सत्य हुँदैन । गलत सूचना, अफवाह र भावनात्मक प्रचारका आधारमा गरिएको बहिष्कारले निर्दोष व्यवसाय वा श्रमिकलाई समेत असर पार्न सक्छ । त्यसैले राजनीतिक उपभोक्तावादको प्रभावकारिता सूचनाको विश्वसनीयता र नागरिकको विवेकमा निर्भर हुन्छ । यही जोखिम नेपालको राजनीतिमा पनि हालै देखापरेको अनुभव पनि छ । धेरै अनुसन्धानहरुबाट के देखिएको छ भने नकारात्मक सूचना सकारात्मक सूचनाभन्दा बढी प्रभावकारी हुन सक्ने देखिएको छ ।

### नेपालका लागि यसको अर्थ र प्रभाव

नेपालमा राजनीतिक उपभोक्तावाद अझै व्यवस्थित सैद्धान्तिक वा संस्थागत अभियानका रूपमा विकसित भइसकेको छैन । तर यसको आधारभूत अभ्यास भने विभिन्न रूपमा देखिन्छ । स्वदेशी वस्तुको प्रयोग, स्थानीय उत्पादनको समर्थन, स्थानीय व्यवसायलाई प्राथमिकता, वातावरणमैत्री वस्तुको रोजाई, जिम्मेवार व्यवसायको समर्थन र गैरजिम्मेवार व्यवसायप्रतिको उपभोक्ता असन्तुष्टि भने बेला बेलामा नउठ्ने गरेका भने होइनन् । यसबाट राजनीतिक उपभोक्तावादको प्रभाव भने नपरेको मान्न सकिदैन । नेपालमा बजार र उत्पादनको क्षेत्रमा भन्दा गहिरो प्रभावका संकेतहरु राजनीतिमा देखापर्न थालिसकेको छ ।

### सीमा र चुनौती

राजनीतिक उपभोक्तावादलाई लोकतन्त्रको सबै समस्याको समाधान ठान्नु पनि उचित हुँदैन र एउटा व्यक्तिले आफ्नो खरिद परिवर्तन गर्दैमा संरचनागत समस्या समाधान हुँदैन भन्ने मान्यतामा पुनविचार जरुरी देखिन्छ । हुनत बजारमा ठूला कम्पनीलाई नियमन गर्ने काम राज्यको हो, श्रमिक अधिकार सुनिश्चित गर्ने जिम्मेवारी सरकार र व्यवसाय दुवैको हो, वातावरण संरक्षणका लागि कानुन र संस्थागत व्यवस्था आवश्यक हुन्छ । यसको समन्वयका लागि ल्याइएको सिएसआर पद्धतीमा समिक्षा जरुरी देखिएको छ भने राजनीतिमा पनि यसबारे गम्भिरता प्रदर्शन जरुरी छ । यो थपिएको चुनौती हो । संगसगैं आउने अर्को चुनौती हो , आर्थिक असमानता । सबै उपभोक्तासँग “नैतिक” वा “पर्यावरणमैत्री” वस्तु रोज्ने समान क्षमता हुँदैन । कतिपय अवस्थामा सस्तो वस्तु रोज्नु उपभोक्ताको बाध्यता हुन सक्छ । तर त्यो मनमा संचित भएर रहेको हुन सक्ने भएकोले यस तर्फको गाम्भिर्यता जरुरी रहन्छ ।

### नागरिकको नयाँ भाषा

आज बजार र लोकतन्त्र केवल “मैले कुन बस्तु किन्ने वा किनें या कसलाई मतदान गरें ?” भन्ने प्रश्नमा मात्र सीमित छैन । यससँगै अर्को प्रश्न पनि महत्वपूर्ण हुँदै गएको छ–“मैले आफ्नो पैसा कहाँ खर्च गरें ? र मैले मेरो मत कस्लाई किन दिएँ ?” अब नागरिकको छनौट अधिकार र प्रभावमा केन्द्रित रहन गएको छ । मतपत्रले सरकारलाई प्रभावित गर्न सक्छ, उपभोक्ताको सामूहिक छनोटले बजारलाई । मतदानले राजनीतिक नेतृत्व चयन गर्छह उपभोक्ताको जिम्मेवार व्यवहारले व्यवसायको प्राथमिकता, उत्तरदायित्व र गुणस्तरमा परिवर्तन गर्न सक्छ । यही कारण राजनीतिक उपभोक्तावाद आधुनिक लोकतन्त्रमा नागरिक सहभागिताको एउटा शक्तिशाली नयाँ आयाम बनेको छ । *-बाँकी तीन पेजमा...*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धैर्यको राम्रो प्रतिफल प्राप्त हुनेछ। मनमा रहेको अन्योल हट्न सक्छ। | **तुला** : जिम्मेवारीबाट पछि नहट्नुहोस्। विचारले एउटा काम सजिलो बनाउनेछ। |
| **वृष** : परिस्थितिलाई स्वीकार गर्नु बुद्धिमानी हुनेछ। मन हल्का रहनेछ। | **वृश्चिक** : समयले नयाँ सम्भावना ल्याउनेछ। परिवारको साथले मन बलियो रहनेछ। |
| **मिथुन** : हतार नगरी अघि बढ्नु राम्रो हुनेछ। अनावश्यक विवादबाट टाढा रहनुहोस्। | **धनु** : मनका कुरा व्यक्त गर्न सहज हुनेछ। मन लागेको काममा ध्यान दिनुहोस्। |
| **कर्कट** : जिम्मेवारी पूरा गर्दा सन्तोष मिल्नेछ। खानपिनमा लापरवाही नगर्नुहोस्। | **मकर** : आर्थिक योजनाहरू सफल हुनेछन्। बेलुकातिर आराम गर्ने समय मिल्नेछ। |
| **सिंह** : आशावादी सोचले मन हल्का बनाउनेछ। साँझ रमाइलो खबर सुन्न पाइनेछ। | **कुम्भ** : समयमै निर्णय लिनु आवश्यक हुनेछ। खुसीको खबर मिल्न सक्छ। |
| **कन्या** : सन्तुलित निर्णय लाभदायक हुनेछ। समयले नयाँ सम्भावना ल्याउनेछ। | **मीन** : पारिवारिक छलफल फलदायी बन्न सक्छ। मनमा शान्तिको अनुभूति हुनेछ। |

# साहित्य दर्पण

निबन्ध ● घनश्याम शर्मा

## जुनेली रातको छायाँमा

कोजाग्रत पूर्णिमाको दिन । कोजाग्रत पूर्णिमाले हिन्दुहरूको महान चाड विजया दशमीको समाप्तिलाई जनाउँछ भने यम पञ्चकको शुरुवातको संकेत पनि हो । आज कार्यालयमा सार्वजनिक विदा भएका कारण जानुपर्दैन । यो पनि एउटा अवस्था केही फरक लाग्ने गर्छ । भरखर यो निवासको बाहिरपट्टिको चौरमा करिब एक घण्टा बसें । शरद् यामको पूर्ण शरदचन्द्रलाई धेरैबेर नियालेपछि मनमा केही तरङ्गहरु , विचारहरू उत्पन्न भए । मनको भित्रि तह सलबलाउन थालेपछि आफु अक्षरमा अभिव्यक्त हुन मन लाग्छ र यतिखेर पनि यस्तै भयो । काला औंसीका रातहरू डरलाग्दा हुन्छन् । अझ गाउँघरतिर औंसीका दिनमा सूर्यास्त हुने बित्तिकै अँधेरो, डाँडा र पाखा, खेत, आली, कान्ला, नाघ्दै घरभित्रैसम्म प्रवेश नहुँदै हामी घरभित्र छिरिसकेका हुन्थ्यौं स-साना केटाकेटी छँदाका बेलामा । कालो रंग, काला कुराहरूसँग डर लाग्थ्यो । काला रातहरू अझै डरलाग्दा लाग्थे । धेरै भयावह प्रतिक बोकेका हुन्छन् काला बस्तुहरूले । जून सेतो हुन्छ । सेतो जूनको छायाँ शीतलताको प्रतिविम्ब यसरी यो आँगनमा खसेको छ, हेटौंडामा छु म यतिखेर, एक्लै यो सरकारी आवासमा । अगाडि र पछाडि उत्तर दक्षिण दुईटा बरण्डा छन् यसका । दक्षिण मोहडा पारेर बनाईएको लाग्छ तर अचेल उत्तरतिरबाट प्रयोग हुँदै आएको एकतले सिमेन्टका च्यादरले छाएको पुरानो शैलीको यो जीर्ण भन्न पनि नमिल्ने पुरानो घर छ । सानो भान्छा , स्नानागार र लघुसंका , दीर्घसंका कक्ष , दुईटा कोठा, म जस्तो एक्लै बस्ने मान्छेका निम्ति पर्याप्त, कहिलेकाहीं केटाकेटीहरू आउँदा पनि गुजारा हुनसक्ने । ठूला ठूला फ्रेम भएका सीसाका झ्यालहरू छन् । दुईटा कोठामा दुईटा झ्याल कति धेरै सरकारी कर्मचारीहरूले प्रयोग गरेको यो आवाशगृह होला थाह छैन । म बस्नु अघि भने बलराम साह बस्थे , तराइँवासी थिए । उनकी श्रीमति अत्यन्त धार्मिक विचारकी थिईन् संभवत: उनैले रोपेको तुलसीको मठमा यसपटक मैले तुलसी रोपेको छु । दक्षिणपट्टिको आँगनमा पनि तुलसीका विरुवाहरू उम्रेका छन् यसले एक प्रकारको आनन्दानुभूति प्रदान गर्ने गर्छ । हेटौंडाको आकाशमा जुन छतिवनको डाँडाबाट विस्तारैमाथि माथि उदाउने गर्छ । आज दिउँसो तीन बजेतिर केहीबेर पानी परेकाले आकाश सफा स्नीग्ध छ । सफा आकाशमा छरिएको जुनको उजेलो हेरेर कहिले पो अघाइन्छ र ! आँगनमा ल्पास्टिकको कुर्सि राखेर पूर्वाभिमुख भएर बसैं । देवकोटाले पागल कवितामा उल्लेख गरेको जूनलाई सम्झें । दामन सिमभंज्याङका ओसिला पाखाहरूमा पोखिएको जूनको उजेलोको कल्पना गरैं, एकछिन । सेताम्मे हिउँले छ्पक्क छोपेको सीम भंज्याङ, दामन, झीरघारीमा जूनेली रातको चहकले चम्किएका हिउँका अग्ला अग्ला ढिस्का र सेताम्मे टल्किएका पाखाहरू संझे, दुईबर्ष अघि त्यहाँ पुगेको बेला आफू निकै हराएको महसुस गरेको थिएँ । यो आवासको आँगनको पूर्वपट्टि झ्याङ्ग परेको सीताफलको (सरिफा) रुख छ । त्यस मुन्तिर गत वर्षात अगावै रोपेको बाक्लो चाइनिज दूवो छ । रुखका छिद्रबाट जुन बाक्लो दूवोमा टाटेपाटे भएर पोखिएको छ , भर्खरै दुध पीउन सिकेको बच्चाले आफै दूध पिउँछु भन्दै जिद्धि गरेर समातेको तातो दुधको गिलास कलिला ओंठ पोलेपछि ह्वात्तै जिउमा नै पोखाएपछि बनेका सेता टाटा जस्तै जूनका टाटा । चिसो सिरेटो चलेको छ । हावाविनाको जीवनको परिकल्पना गर्न सकिन्न । राप्तीको सुसाई सुनिन्छ । कुलेखानी पहिलो र दोश्रोबाट बिजुली उत्पादन भएर भैंसे नजिकको खोलामा मिसिएपछि राप्तीले एउटा आकार ग्रहण गर्छ । पूर्व पश्चिम राजमार्गलाई छेडेर निस्केकाले पूल बनाइएको छ । त्यसपछि पूर्वि राप्ती बुढी राप्ती हुँदै चितवनतिर हान्निंदै बग्छ । रात छ, अझ त्यो पनि जुनेली रात छ । कवि मित्र साम्ब ढकाललाई जूनेली रातको विम्वलाई टिपेर एउटा कविता लेख्न आग्रह गर्ने विचारमा छु । उनका कविताहरू फदयस्पर्सी हुन्छन् । मनका भित्री पत्रैपत्र चुँडालेर पस्न खोज्ने खालका लाग्छन् । रातको दश बजिसकेको छ । हेटौंडा नगरी जुनेली रातको तन्नामा लम्पसार जीऊ फैलाएर सुतिसकेको छ । रातको अन्धकारमा पनि गाडी चलाउन अभ्यस्त ड्राइभरहरूले बस र ट्रक हाँकीरहेको आवाज बेला बेला आउँछ । मनको एकाग्रता भङ्ग भइदिन्छ, मनका तारहरू एक अर्कामा ठोकिन्छन् । र, एउटा नमीठो धून जस्तो सिर्जना हुन्छ आफैँ । कोजाग्रात पूर्णिमालाई विशेष रूपमा मैले सम्झिनुपर्ने थुप्रै कारणहरू छन् । पूर्ण चन्द्र देखिएको रात सबैका लागि यसै पनि विशेष हो । घडीको आवाज एकनास टिक टिक.... यतिखेर रात घर्किंदैछ । जून करिब करिब यो घरकै छानामाथि आइपुग्ने बेला हुन्छ विस्तारै । मनमा जूनेली रातका विगतका स्मृतिहरू तँछाड मछाड गर्दै अभिव्यक्त हुन उत्फुल्ल भइरहेछन् । बच्चै देखुन् त्यसरी नै सामाजिकीकरण भएकाले हुनसक्छ , संस्कृतिको यस्तो अनौठो पासविक बिम्बले पनि मनोरञ्जन प्रदान गर्नु आश्चर्य लाग्छ संझिदा आफैलाई । घण्टौसम्म पिताको काँधमा बोकिएर राँगाहरू दौडाइएको, खुँडा, खुकुरी, हँसिया आदिले निर्ममतापूर्वक काटेको दृश्य हेरिरहेको सम्झना छ । म डरले काँप्थे एक प्रकारको आतङ्कको सिर्जना हुने गर्थ्यौं मनमा, मेरो बालमनोविज्ञानलाई बुझेर पिताले भन्नुहुन्थ्यो- “डराउनु पर्दैन, मानिसहरूले भाकल गरेर देवीलाई खुशी पारेका हुन् । राँगाको रगत देवीको नाममा चढ्छ । देवी खुशी हुन्छिन् ।” मैले जसरी सुनैं, वहाँलाई पनि त्यसरी नै सुनाइएको होला, म यस्तै ठान्थें । सैनका ठूला ठूला गह्वाहरूमा बान्नीको डाँडा छेडेर कोजाग्रत पूर्णिमाको जून मुस्कुराउन थालेपछि उपस्थित दर्शकहरू न्याउले , देउडा खेल्न शुरु गर्थे । संस्कृतिको यो अनुपम सूदूरपश्चिमेली संस्कृति छिप्पिँदै गईरहेको जुनेली रातसँगै उत्कर्षमा पुग्ने गर्छ । अत्यन्त रमणीय, मनमोहक यो स्थानबाट जूनेली रातमा देखिने दृश्य झनै मनका कुना कुना हल्लाईदिने खालका लाग्थे मलाई । जूनेली रात पश्चिम सर्दै जाँदा मंगलसेन र ठूलासैनको लामो घेरा जस्तो डाँडो जसले पूर्विक्षेत्र भैसोलेलाई छुट्याएको छ, टल्किन थाल्थ्यो । यसरी म ओखरेको डाँडालाई हेर्दैछु । कुलेखानी , पालुङ , चित्लाङको डाँडाहरूमा जूनेली रातको छायाँ सर्दै गएको देखिरहेछु । गोला माँडुका बरपिपलका दुईवटा रुख टाढाबाट हेर्दा चारवटा देखिन्थे । जूनले पारेको छायाँले यस्तो अनूभूति हुन्थ्यो । यस घरको आँगनमा पश्चिमतिर एउटा बूढो आँपको रुख छ, आँपका पातहरूमा जून पोखिएर टल्किएका छन् । यी रुखका छायाँहरू विस्तारै सर्दै जान्छन् । उत्तरतिर ठूलो कम्पाउण्ड सहितको हेभि इक्विपमेन्ट डिभिजनको कार्यालय छ, त्यसको पनि पूर्वपट्टि जिल्ला प्रहरी कार्यालय छ । ती दुवै कार्यालयका पालो पहरा गर्ने मान्छेहरूले भरखरै एघार वटा घण्टी हानेका छन् । झ्यालबाट छिरेको जूनको उजेलो जस्तै कानमा एघार पटक तीखो आवाज छिरेको छ समयको । हामीलाई समयको संकेत अरुले नै सुनाईदिनु पर्ने । समय बितेको हामी पत्तो पाउँदैनौं, जब पत्तो पाउँछौं तब समय त हामीबाट धेरै टाढा धेरै पर पुगिसकेको हुन्छ र हामी समयलाई पछ्याउन असमर्थ बनिसकेका हुन्छौं । अछाम डोटेगाउँको घरको पूर्वपट्टिको बार्दलीबाट बेडुगडातिर बाँसका झाङमा चियाउन लागेको जूनलाई केटाकेटी उमेर देखिनै मैले पछ्याएको छु । मंगलसेनको डाँडामा अवस्थित ढुङ्गा माटोले बनेका घरका बार्दलीबाट रामारोशनको टाकुरा चढ्दै गरेको जूनलाई चारवर्षका धेरै जूनेली रातहरूमा हेर्दै मनभरि जूनेली गङ्गा प्रवाह गराएको छु मैले । सिलगढीबाटदेखिने जूनेली रातको दृश्यले मनमा यस्तो अमिट छाप बसालेको छ, जसलाई म कहिले पो बिर्सुंला र ? नागबेली बगेको सेती नदीको दृश्य दिपायलको पिपल्लाबजार नजिकैको सेतीपुलमा बसेर धेरै पटक हेरेको छु मैले । अविरल अविश्रान्त सेतीको बगरमा चन्द्रमाको उजेलो मनलाई उत्ताप दिने मोहक दृश्य । भोजपुर डाँडागाउँको रातोमाटोले लपक्क पोतेको घर, काठको भरेङ र सल्लाका काठको सिलिङ र भुइँ भएको कोठाबाट ट्याम्केका डाँडातिर फर्किएको झ्यालको सिरानीमा टाउको राखेर बुट्टेदार झ्यालबाट धेरै रातहरू सेतो जूनलाई ओछ्यानमै ओराल्ने प्रयास पनि गरेको छुँ । खाँदबारीबाट पाथीभरामा उदाउँदै गरेको जून, सुन्तलेको डाँडातिर विस्तारै लम्केको धेरैपटक हेरेको छु । मध्यरातमा जूनको उजेलो पछ्याउँदै घुर्विसेको जङ्गलमा भाई सुवास र मोहन राईहरुसँग बाटो बिराएर गाई वस्तुका पाईला पछ्याउँदै घना जङ्गलभित्र पुगेपछि पुन: सोही बाटो फर्केर जून अस्ताएर सूर्योदय भैदिओस् भन्ने प्रतिक्षाका साथ कुरेको नमीठो अनुभूति सँगालिएको छ । घनकुटा हिलेको गजुर होटेलबाट म्याङलुङतिर उक्लिँदै गरेको जूनको दर्शन गर्दै विहानको सूर्योदयको प्रतिक्षामा रात गुजारेको छु । लेगुवाघाट बाटो छेउको बरको रुखको छानामुनीको तुलसी श्रेष्ठको होटेलमा बास बस्दा बरका हाँगाबाट ओछ्यानमा चियाईरहेको जूनलाई स्पर्स गरेको छु । बरको छायामुनी एउटा जूनेली रात यसरी पनि बितेको छ । जीवनको यो यात्रासम्म आइपुग्दा धेरै जुनेली रातहरू आँखाभरि कहिल्यै ओझेल नहुने गरि टाक्सिएका छन् । हाम्रो जीवन पनि यस्तै पूर्ण चन्द्र झैं सदैव उज्यालो हुने भए जीउँनुको आनन्द कस्तो हुँदो हो जूनेली रात ओढेर सुतेको हेटौंडालाई सोध्न मन लागेको छ ।

*-समकालिन साहित्य डटकम*

कथा ● भरतबहादुर रानाभाट

## पूर्वस्मृति

कुन कुराले तानिरहेको छ मनको लहरो ? झनझन् किन सम्झना गाढा भइरहन्छ ? किन यादको पत्थरले हिर्काइरहन्छ, बारम्बार ? मनको एउटा कुनामा किन बल्झिरहन्छ सम्झनाको त्यो घाउ ? किन ताजा बनिरहन्छ सधैं सम्झनाका छाल ? किन पछ्याइरहन्छ अतीतले हरदम ? किन धिपधिप गरेर पनि बलिरहन्छ सम्झनाको दियो ? हो, यिनै प्रश्नहरूले घेरिएको छ ऊ । हरेकपल्ट घोत्लिन्छ । गम खान्छ । नसम्झु भने पनि किन आइरहन्छ, सम्झनाको लामो श्रृङ्खला ? मनको कुनामा पत्रैपत्र बनेर खाँदिएको यादको गोदाम किन खाली हुँदैन अब ? हर्पन खोलामा अहिलेसम्म कति पानी बग्यो होला ? त्यो पानीले कति माटो बगाएर फेवातालको गहिराई छोप्यो होला ? हर्पन खोलाले कति ढुङ्गा, बालुवा र गिट्टी बगाएर फेवातालमा थुपार्यो होला ? फेवातालमा जम्मा भएको कति पानी डेबिड फल्सबाट बग्यो होला ? यसको नाप जाँच कसरी गर्ने ? हो यस्तै यस्तै रहेछ सम्झनाको नापजाँच पनि । कसरी कुन कोणबाट नाप जाँच गर्दा उपयुक्त हुँदो हो सम्झनाको ? आजभन्दा ठीक ४९ वर्ष अगाडि आदर्श माछापुच्छ्रे माध्यमिक विद्यालय ढिकुरपोखरीमा कक्षा आठमा भर्ना भएको थियो । कास्कीकोटमा हाइस्कुल थिएन । ढिकुरपोखरीमा रहेको माछापुच्छ्रे माध्यमिक विद्यालयमा कास्कीकोट, लुम्ले, घान्द्रुक, बिरेठाटी धम्पुस, चन्द्रकोट लगायतका धेरै स्थानका विद्यार्थीहरूलाई पायक पर्ने हुनाले पोखरा गएर पढ्न सम्भव नहुनेहरू ढिकुरपोखरीमा पढन जान्थे । विद्यार्थीहरूको बाक्लो चाप हुन्थ्यो । स्कुलभरी भरीभराउ थिए विद्यार्थी । कास्कीकोटबाट पनि धेरैजना केटाहरू पढ्न जान्थे । तर केटीहरू माछापुच्छ्रे पढ्न पायक पर्ने वा शुरूवातबाटै चार कक्षादेखि पढन जानेहरूमात्र पढ्न जान्थे त्यहाँ । आदर्श नौ कक्षामा पढ्दै थियो । स्कुलबाट अन्तिम पिरियड छोडेर हिँड्नेहरू पनि धेरै हुन्थे । ऊ अन्तिम पिरियड पढेर साथीहरूसँग घरतर्फ आइरहेको थियो । तीनजना केटीहरू कास्कीकोटको वनपाले नजिकै बसेर केटाहरूलाई कुरिरहेका थिए । आदर्श साथीसँग त्यहाँ पुग्ने बित्तिकै, “तपाईंहरूले बाटोमा लेख्दै हिँडेका केटाहरूको अक्षर चिन्नुहुन्छ ?” रेश्माले सोधेकी थिइन् । हामीले अक्षर चिनेनौं । कुनै बदमास केटाहरूले रेश्माका बारेमा केही नराम्रा शब्दहरू लेखेका थिए । रेश्मासँगको कुरा यत्ति हो । यहीँबाट पहिलोपटक बोल्न शुरू भएको हो रेश्मासँग । त्यसपछि बाटामा भेट हुन्थ्यो । कहिले उनीहरूका अगाडि कहिले उनीहरूका पछाडि हिँड्थ्यो आदर्श साथीसँग । त्यो चञ्चल उमेर केटीहरूसँग बोल्न पाए पनि हुन्थ्यो जस्तो लाग्थ्यो तर डर लाग्ने उमेर, बोल्न सक्ने आँट कहाँबाट आओस् र ? रेश्मा सारै राम्री थिइन् । केटाहरू बोल्न मन भए पनि लाजले डर मान्थे । आदर्श दश कक्षामा पुग्यो । रेश्मा नौ कक्षामा थिइन् । रेश्मा स्काउटको ड्रेसमा हदभन्दा पनि राम्री देखिन्थिन् । स्कुल जाँदा र आउँदा कहिलेकाहीँ मौका परेमात्र बोल्न पाउँथ्यो उसले । रेश्मासँग बोल्न पाउँदा संसारै आफ्नै जस्तो लाग्थ्यो त्यो बेला आदर्शलाई । एकदिन उसले रेश्मालाई पहिलो प्रेमपत्र लेख्ने कुचेष्टा गर्यो । तर हातमा दिने कसरी ? सबै केटाहरूका आँखा छल्न पर्थ्यो । कसैले थाहा पाए भने हल्ला हुन्थ्यो । त्यो हल्ला स्कुल गाउँघर चारैतिर फैलिनसक्ने खतरा हुन्थ्यो । स्कुलबाट घर आउँदै गर्दा चप्पलको तुना फुत्केको बहाना बनाइ रेश्माको साथी पछाडिबाट एक्लै आएको देखेर खुसुक्क चिठी दियो, रेश्मालाई दिनु भनेर । चिठी दिएपछि पहिलोपटक त्यति धेरै खुशी भएको थियो आदर्श । आदर्श चिठी दिएको साँझ गोठमा गयो । गोठमा गाई भैंसी बाधेर गुन्द्रुकको झोलसँग भात खायो । उसको मन चङ्गा थियो । त्यो बेला केटीलाई चिठी लेख्नु सानो कुरा थिएन । कुनै कारणवश गोप्यता भंग भयो भने बर्बाद हुन्थ्यो । यिनै कुरा सम्झेर जति जति रात छिप्पिँदै जान्थ्यो, उतिउति निद्रा भाग्दै जान्थ्यो आदर्शको । आँखा झिमिक्क नगरी उज्यालो भयो । हाइस्कुल पढ्दा एउटी हिरोइनी जस्तो देखिने त्यो अनुहारको चमक र आभा अहिले कहाँ गयो होला ? सामान्य साधारण पहिरन । मेकअप हराएको । अनुहारमा खतैखत । आँखामा पावरवाला चस्मा लगाएकी, कठै चन्द्रमाको मुहारमा ग्रहण लागेजस्तै देखिएकी थिइन् रेश्मा । प्रेसर र सुगरको दबाई नटुटाई खानुपर्ने भएछ । घुँडा दुख्ने । बसेपछि उठ्न नसक्ने । टाउको दुखिरहने अनेक समस्यासँग आफैं लडिरहेकी रेश्मालाई देखेर झन् अतीतको सम्झनाले छपक्कै छोप्यो । दु:खका कुरा, सुखका कुरा, घरव्यवहारका कुरा, छोराछोरीका कुरा र लोग्नेका कुरा गर्दा एक्कासी रेश्माको आँखाबाट मूल फुटेर भल बग्न थाले । आदर्शलाई नरमाइलो लागिरहेको थियो ।” अचानक जोड जोडले कुकुर भुक्यो । त्यही समयमा गेटमा कसैले ड्वाङ्ग लात्ती हान्यो । आदर्श झल्यास्स ब्यूँझियो । निधारमा पसिनै पसिना थिए । उठेर बाथरुम गयो र मुख धोयो । मोबाइल खोलेर हेर्यो । बिहानको ३ बजेर ३३ मिनेट गएको थियो । रेश्मा र आदर्श कास्कीकोटको गुप्त कालिका मन्दिर प्राङ्गणको पर्खालमा बसी दक्षिण फर्केर कुराकानी गर्दै थिए । हर्पनखोलो अझैपनि धमिलो थियो । मौसम सफा थियो । माछापुच्छ्रे, धौलागिरी, अन्नपूर्ण लगायतका हिमशृंखला सफा थिए । माछापुच्छ्रेले एकटक निर्निमेष उनीहरूलाई नियालिरहेको थियो । फेवा फाँटमा धान पहेँलपुर हुँदै थियो । धुपीचौर र ठुलीपोखरीले पनि आ-आफ्नो इतिहास बोकेका थिए । वि.सं. २०३७ सालको चैत्र दशैंको मेलामा कास्कीकोटको मौलोमा भेट भएर रेश्मासँग छोटो कुराकानी भएको थियो उसको । त्यसपछि कहिल्यै भेट भएन । तर झण्डै ४५ वर्षपछि रेश्मासँग अप्रत्यासित रुपमा सपनामा भेट भयो । किन भेट भयो ? केका लागि भेट भयो सपनामा ? के रेश्मा अहिलसम्म सञ्चै छन् त ? के छ उनको खबर ? प्रश्नहरू उठिरहन्छन् यादहरू बल्झिरहन्छन् । जिन्दगी के रहेछ र आखिरी त्यहीं जन्म र मृत्युबिचको एउटा पातलो डोरी मात्र । त्यही पातलो डोरी पनि कतिबेला चुडिन्छ कसैलाई थाहा छैन । रेश्मा घरकी कान्छी छोरी । बुबाको पेन्सन खाएर हुर्केकी, आमाको लाडप्यारमा । खान दु:ख थिएन, कुनै कुराको कमी पनि थिएन । उमेर बढ्यो छोरीमान्छे माइत बस्न मिलेन । भारतिय सेनाको जवान खुशीरामसँग विवाह भयो । दुईवटा छोरा र दुईवटी छोरी भए । श्रीमानको पेन्सन पाक्न लागेको समयमा काश्मीरमा आतङ्ककारीको हमला भयो । सानो टुकुडीमा अलगअलग युनिटमा खटिएका उनीहरूमाथि विद्रोहीले धावा बोले । लड्दा लड्दै दुश्मनको पनि क्षति भयो । खुशीराम लगायत अन्य पाँच जवानहरू काश्मीरमा शहीद भए । रेश्माको जिन्दगीमा ठूलो वज्रपात आयो । कहर काटेर छोराछोरी हुर्काइन्, पढाइन् । छोराहरू पढ्दै गर्दा देशमा माओवादी जनयुद्ध शुरू भयो । हट्टाकट्टा ठुलो छोरो रुपेश छापामारको नजरमा पर्यो । पढ्न गएको समयमा स्कुलबाटै अपहरणमा परेर छापामार विद्रोही भयो । घरसँगको उसको सम्पर्क टुट्यो । दश वर्ष जनयुद्ध भयो । शान्ति प्रक्रियाको पनि थालनी भयो । नयाँ संविधान बन्यो । देशमा गणतन्त्र आयो । तर रुपेश मरेको बाँचेको अहिलेसम्म अत्तोपत्तो छैन । न मानवअधिकार आयोगले अवस्थाको जानकारी दिन्छ, न सरकारले, न तत्कालिन विद्रोहीले । एउटी आमाको होनहार छोरो हरायो, त्यो पनि बिनाकारण । न लास न सासको टुंगो लाग्यो । कहिले जहाजमा, कहिले ट्रकमा, कहिले पैदल, कहिले समुद्रमा डुङ्गामा, कहिले जंगलैजंगल निकारागुवा ग्वाटेमाल हुँदै मेक्सीको जंगलमा पुग्दा ट्रकमा निसास्सिएर दश जनाको मृत्यु हुँदा मंगल पनि त्यही घटनामा परेको रहेछ । कठै जिन्दगी ! मान्छेको भाग्यमा के लेखेको छ ? सबै परिआउने घटना परिघटनालाई सामना गर्नु पर्नेरहेछ । बाँचुन्जेल यही एकमुठी सासको पनि मूल्य ठूलो हुँदो रहेछ । रेश्माका ती दिन कति उज्याला थिए । कति चञ्चल थिए । रेश्मासँग एकपल्ट बोल्दा संसारै जितेझैं लाग्थ्यो । उनको अनुहारको एकझुल्को देख्दा पनि दु:खका सबै भारी बिसाएर थकाई मारेझैं लाग्थ्यो । त्यो सुन्दर चेहरा, त्यो हाँसो, त्यो स्काउटको ड्रेसमा सजिएकी एउटी सुन्दर सुकुमार चन्द्रमुखी युवतीको अनुहार किन आइरहन्छ मनमा पटकपटक ? किन उनको सम्झनाको झ-झल्कोले घरी घरी सताइरहन्छ । अब जिन्दगीको कुनै पनि बहीखातामा उनीसँग कुनैपनि हिसाबकिताब लिन वा दिन बाँकी छैन । तर पनि फेरि एउटा पूर्वस्मृतिले पटकपटक किन झस्काइरहन्छ ? किन पछ्याइरहन्छ ?

*-साहित्यपोष्ट डटकम*

## अबको राजनीति...

...तर यसको वास्तविक शक्ति बहिष्कार वा असहमतिमा मात्र होइन, विवेकपूर्ण समर्थनमा छ ।

गलतलाई नकिन्नु जति महत्वपूर्ण छ, सहीलाई रोज्नु पनि उत्तिकै महत्वपूर्ण छ । नागरिकले आफ्नो उपभोगलाई मूल्य, तथ्य, नैतिकता र सामाजिक उत्तरदायित्वसँग जोड्न थाले भने बजार केवल नाफाको खेल रहने छैनह त्यो सामाजिक उत्तरदायित्वको क्षेत्र पनि बन्न सक्छ । यसकारण व्यवसायिक सामाजिक उत्तरदायित्वलाई अगाडि सारिएको हो । उल्लेखित आधारहरुका पृष्ठभूमिमा राजनीतिक उपभोक्तावादले हामीलाई एउटा गम्भीर प्रश्न सोध्ने छ, “हामीले लोकतन्त्रलाई पाँच वर्षमा एकपटक मतदान गरेर मात्र अभ्यास गर्ने हो, कि दैनिक जीवनका साना-साना छनोटमार्फत पनि आफ्नो समाज निर्माण गर्ने हो ?” सायद यसको सहि उत्तर यही हो की , नागरिकको शक्ति संसद् र सडकमा मात्र हुँदैन, उसको हातमा रहेको मतपत्रसँगै उसको हातमा रहेको ‘किनमेलको टोकरी’मा पनि हुन्छ । यो नै अत्यन्त सम्वेदनशिल पक्ष हो । अबको राजनीतिले यस पक्षमा गम्भिरताका साथ गहिरो आत्मसमिक्षा गर्न जरुरी छ ।

# आजदेखि चतुर्मास व्रत आरम्भ



**पाल्पा,** साउन ८/हिन्दू धर्मावलम्बीहरूले आजदेखि चार महिनासम्म चल्ने पवित्र चतुर्मास व्रत आरम्भ गर्दै छन् । आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म रहने यस अवधिलाई धार्मिक साधना, उपासना, संयम र आत्मशुद्धिको विशेष समयका रूपमा मानिन्छ । धार्मिक मान्यताअनुसार यस अवधिमा भगवान् विष्णु योगनिद्रामा रहने विश्वास छ । चतुर्मासभर भक्तजनले नियमित पूजा-आराधना, जप, ध्यान, व्रत, दान तथा सत्कर्ममा विशेष ध्यान दिने गर्छन् । कतिपय श्रद्धालुले प्याज, लसुन, मासु तथा अन्य तामसिक भोजन त्याग गरी सात्विक आहार ग्रहण गर्ने परम्परा पनि रहेको छ । देशभरका विष्णु, नारायण तथा कृष्ण मन्दिरहरूमा बिहानैदेखि भक्तजनको उल्लेखनीय भीड लागेको छ । मठ-मन्दिरहरूमा विशेष पूजा, भजन-कीर्तन, धार्मिक प्रवचन तथा सामूहिक आरतीका कार्यक्रम आयोजना गरिएका छन् । धर्मविद्हरूका अनुसार चतुर्मासलाई आत्मअनुशासन, सदाचार र आध्यात्मिक उन्नतिको अवसरका रूपमा लिइन्छ। यस अवधिमा गरिने व्रत, पूजा, दान र सेवा-भावले धार्मिक तथा आध्यात्मिक लाभ प्राप्त हुने विश्वास रहिआएको छ । चातुर्मास्यव्रत वैष्णव, शैव सबै सम्प्रदायका मानिसले गर्नुपर्दछ । चार महिनामा भगवान् विष्णु क्षीर सागरमा शयन गर्नु हुने भएकाले विवाह, व्रतबन्ध, गृहप्रवेश लगाएत अन्य शुभ कार्य गरिँदैन । धार्मिक दृष्टिले यी चार महिना भगवान् विष्णुको निद्राकाल मानिन्छ ।

यस अवधिमा तपस्वीहरू भ्रमण गर्दैनन्, ती एकै स्थानमा बसेर तपस्या (चातुर्मास व्रत) गर्दछन् । यस कालमा केवल ब्रजक्षेत्रको यात्रा गर्ने चलन छ, किनभने यी चार महिनामा भू-मण्डल (पृथ्वी)का समस्त तीर्थहरू ब्रजक्षेत्रमा आएर निवास गर्दछन् । ब्रह्म वैवर्त पुराणमा यस एकादशीको विशेष माहात्म्य उल्लेख गरिएको छ । यस व्रतलाई पालना गर्नाले प्राणीका समस्त मनोकामनाहरू पूर्ण हुन्छन्, सबै पाप नष्ट हुन्छन् तथा भगवान् ऋषीकेश प्रसन्न हुन्छन् । सबै एकादशीका दिन भगवान् विष्णुको पूजा तथा आराधना गरिन्छ । आजको रात्रिदेखि भगवानको शयन प्रारम्भ हुने भएकाले उनको विशेष विधि-विधानले पूजा गर्ने चलन छ । यस दिन उपवास गरेर भगवान् विष्णुको प्रतिमालाई आसनमा आसीन बनाई षोडशोपचार सहित पूजन गरी, तिनको हातलाई शंख, चक्र, गदा, पद्मले सुशोभित पारेर तिनलाई पीताम्बर, पहेला वस्त्र र पहेलै दोसल्लाले सजाउने काम हुन्छ । पंचामृतद्वारा स्नान गराएर, तत्पश्चात भगवानको धूप, दीप, पुष्प आदिद्वारा पूजा गरी आरती गरिन्छ । भगवानलाई पान (ताम्बूल), सुपारी ( पुंगीफल) अर्पित गरेपछि निम्न मन्त्र द्वारा स्तुति गर्ने परम्परा रही आएको छ । यसरी प्रार्थना गरेर भगवान् विष्णुको पूजा गर्नु पर्छ । चतुर्मास आगामी कार्तिक शुक्ल एकादशीका दिन समापन हुनेछ ।

# उच्च शिक्षाले नैतिक...

...घसेटाका स-साना टुक्रा मिलेर आकर्षक कलाकृति बन्ने उदाहरण दिँदै भारतीले विद्यार्थीले पनि ज्ञान, सीप र अनुभवलाई क्रमिक रूपमा जोड्दै सफलताको उचाइ चुम्नुपर्ने बताए । स्पष्ट लक्ष्य निर्धारण, त्यसअनुसारको रणनीति र समयको प्रभावकारी व्यवस्थापनले मात्र सपना साकार हुने उनको भनाइ थियो । सामाजिक सञ्जालमा अनावश्यक रूपमा बित्ने समयप्रति सचेत गराउँदै उनले जीवनको प्रत्येक क्षण अमूल्य भएकाले समयको सदुपयोग गर्दै अध्ययन, सीप विकास र आत्मविकासमा केन्द्रित हुन आग्रह गरे । कार्यक्रममा प्रमुख अतिथि मेघराज पौडेलले पाल्पा जिल्लाका विभिन्न विद्यालयबाट कक्षा १२ उत्तीर्ण तीन दर्जनभन्दा बढी विद्यार्थीलाई सम्मान गर्दै लगनशीलता, आत्मविश्वास र लक्ष्यप्रतिको समर्पणले सफलता सुनिश्चित गर्ने बताए । उनले सम्मानित विद्यार्थीहरूलाई उज्ज्वल शैक्षिक तथा व्यावसायिक भविष्यको शुभकामना व्यक्त गरे । क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्ण भुसालले अनुशासित, इमानदार र जिम्मेवार विद्यार्थी उत्पादनका लागि क्याम्पसले गुणस्तरीय शैक्षिक वातावरण निर्माणमा निरन्तर प्रयास गर्ने प्रतिबद्धता जनाए । क्याम्पस सञ्चालक समितिका अध्यक्ष भुसालको अध्यक्षता, क्याम्पस प्रमुख वीना केसीको स्वागत, क्याम्पस परीक्षा समिति संयोजक हरिमाया ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो । कार्यक्रममा विद्यार्थी, अभिभावक, शिक्षक तथा शिक्षाप्रेमीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# आज हरिशयनी एकादशी...

...वैज्ञानिक रुपमा पनि तुलसीबाट धेरै अक्सिजन पाइने तथ्य प्रमाणित भएको छ । तुलसीलाई आयुर्वेदिक दृष्टिले औषधिका रुपमा समेत उपयोग गरिन्छ । सामान्य घाँटी दुखेको निको बनाउनेदेखि रोग प्रतिरोधात्मक क्षमता बढाउनेसम्ममा तुलसी उपयोगी मानिन्छ । तुलसी आफैमा सर्वगुणी भएकाले यसको संरक्षण आवश्यक छ । अर्कोतिर, यसको साइनो स्वास्थ्यसँग जोडिएकाले सफा र सहज ठाउँमा हुनुपर्छ । घरको आँगनमा तुलसी रोप्दा त्यसको प्रयोगमा त सहज हुन्छ नै घरको वातावरण राम्रो बनाउँछ । तुलसीको एक/दुई पात नियमित रुपमा सेवन गर्दा रोगसँग लड्ने क्षमता बढ्छ । चिसोका कारण ज्वरोले सताएको बेला तुलसीको पातमा अदुवाको केही टुक्रा मिसाएर उमाल्नुपर्छ । त्यसलाई सेवन गर्दा रुघा ज्वरो ठिक हुन्छ । तुलसीसँग जोडिएका यस्ता थुप्रै उपचार विधिहरू छन् । यो अवधिलाई चतुर्मास पनि भनिन्छ । कार्तिक शुक्ल (हरिबोधिनी) एकादशी का दिन तुलसीविवाह गरेपछि चतुर्मास अनुष्ठान सम्पन्न हुन्छ । आषाढ शुक्ल एकादशीदेखि भगवान् विष्णु क्षीरसागरमा सुत्ने मान्यतास्वरूप चार महिनासम्म नयाँ मांगलिक कार्य गरिँदैनन् । यो अवधिमा भगवान् विष्णुसँग सम्बन्धित पूजा पाठ अनुष्ठानलाई महत्व दिइन्छ । यद्यपि सनातन धर्मावलम्बीका महत्वपूर्ण चाडपर्व यसै अवधिमा पर्छन् । वर्षमा पर्ने २४ एकादशीमध्ये हरिशयनी र हरिबोधिनी एकादशीलाई विशेष महत्व दिइन्छ । वैष्णव धर्म लिएकाहरूले एकादशीलाई विशेष महत्व दिए पनि स्मृति मान्नेहरूले यसलाई सामान्य किसिमले मनाउँछन् । आयुर्वेदिक औषधिका रूपमा समेत तुलसीको अत्यधिक उपयोग गरिन्छ । आज बिहानदेखि मुलुकभर रहेका विष्णु मन्दिरमा पूजाआजा तथा धार्मिक अनुष्ठानका लागि भक्तजनको भीड लाग्ने गर्दछ ।

## खेलकुद समाचार

# नेपालको लगातार दोस्रो हार



**काठमाडौं,** साउन ८/नेपालले आईसीसी क्रिकेट विश्वकप लिग-२ शृंखलामा लगातार दोस्रो हार बेहोरेको छ ।नेपाललाई घरेलु टोली नेदरल्यान्ड्सले ६ विकेटले पराजित गरेको हो ।

लगातार दोस्रो हारसँगै नेपालको शीर्ष चारमा रहने सम्भावना कमजोर बनेको छ । पहिलो खेलमा नेपाल नामिबियासँग ८ विकेटले पराजित भएको थियो । नेपालले दिएको १५८ रनको लक्ष्य नेदरल्यान्ड्सले ४४ ओभर १ बलमा चार विकेट गुमाउँदै पूरा गरेको छ । नेदरल्यान्ड्सका लागि कप्तान स्कट एड्वाड्र्सले अविजित ६१ रनको योगदान गरे । उनले ८२ बलमा दुई चौका र एक छक्का प्रहार गरे । यसैगरी, नोआ क्रसले अविजित ३४ तथा कार्डिक डे लांग र ज्याक लायन क्याचेटले २१-२१ रन बनाए । नेपालका लागि सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी र ललितनारायण राजवंशीले एक-एक विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले ४४ ओभर ४ बलमा सबै विकेट गुमाउँदै १५७ रन जोडेको थियो । नेपालका लागि आरिफ शेखले ४१, गुल्सनकुमार झाले २९, दीपेन्द्रसिंह ऐरीले २१, आसिफ शेखले १४, करण केसीले अविजित १३ र सोमपाल कामीले १० रन बनाए । नेदरल्यान्ड्सका लागि एलेक्स रोय र रोएलोफ भान डेर मर्वेले तीन-तीन, लोगन भान बिकले दुई तथा कायल क्लाइनले एक विकेट लिए । जितसँगै २९ खेलबाट ३४ अंक जोडेको नेदरल्यान्ड्स तेस्रो स्थानमा छ । पराजित नेपाल ३० खेलबाट २४ अंकका साथ पाँचौं स्थानमा छ । अब नेपालले साउन ११ गते सोमबार नामिबियासँग खेल्नेछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सुनचाँदीको मूल्य घट्यो




**पाल्पा,** साउन ८/ शुक्रबार नेपाली बजारमा सुन-चाँदीको मूल्यमा उच्च गिरावट आएको छ । सुन प्रतितोलामा ५ हजार ८ सय र चाँदी प्रतितोलामा १५५ रुपैयाँले घटेको हो । नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार यसदिन ५ हजार ८ सय रुपैयाँले घटेर प्रतितोला सुनको मूल्य २ लाख ८५ हजार ५ सय पुगेको हो ।

बिहीबार एकतोला सुनको मूल्य २ लाख ९१ हजार ३ सय कायम भएको थियो । यस्तै प्रतितोला चाँदी भाउ ४ हजार ३५० रुपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ । बिहीबार प्रतितोला चाँदी ४ हजार ५०५ रुपैयाँमा खरिदबिक्री भएको थियो । गत बुधबार एक तोला छापावाल सुनको मूल्य रु दुई लाख ९१ हजार र त्यति नै परिमाणको सेतो धातुको भाउ रु चार हजार ४८० निर्धारण भएको थियो । गत मङ्गलबार प्रतितोला छापावाल सुनको मूल्य रु दुई लाख ८५ हजार ६०० र त्यति नै परिमाणको चाँदी रु चार हजार ३७० मा कारोबार भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तरराष्ट्रिय बजारमा शुक्रबार एक औँस सुन चार हजार ४५ र चाँदी ५७ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई